मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

पूर्वाञ्चल

२६ Purwanchal National Daily

◆ वर्ष : २६ ◆ अङ्क : ७२ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ माघ १६ गते शुक्रवार (Friday, January 29. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु : ५/- भारतमा भारु : ४/-

मन्टेश्वरी तालिममा भर्ना खुल्यो

- मन्टेश्वरी तालिम लिन इच्छुक महानुभावहरुको लागि भर्ना खुलेको जानकारी गराउँदछौं ।
- यही मिति २०७७ माघ १८ गतेदेखि १ हप्ते, दुई हप्ते, एक महिने तथा ३ महिने कोर्षहरुमा मन्टेश्वरी तालिममा भर्ना खुलेको जानकारी गराउँदछौं ।

नोट: यस स्कूलमा कक्षा PGमा नयाँ भर्ना खुलेको समेत जानकारी गराउँदछौं ।

सम्पर्क: वेष्ट फ्युचर मन्टेश्वरी स्कूल एण्ड ट्रेनिङ्ग सेन्टर, बिर्तामोड, झापा

फोन नं. ०२३-५४२६४७, ९८४९२५९७२९, ९८४१८९७४४७

काँकरभिट्टामा सरकारविरुद्ध प्रदर्शन

भद्रपुर, माघ १५। सरकारको असंवैधानिक कदमको विरुद्ध झापामा पहिलोपटक स्वत:स्फूर्त रुपमा नागरिक सडकमा उत्रिएका छन् ।

प्रधानमन्त्री केपी शर्मा ओलीको गृह जिल्लामा यसअघि विभिन्न राजनीतिक दलहरूले असंवैधानिक कदमविरुद्ध प्रदर्शन गर्दै आइरहेका थिए । तर, बिहीबार दिउँसो संविधानको रक्षा र प्रतिनिधिसभा पुनर्स्थापनाको माग गर्दै पूर्वी नाका काँकरभिट्टामा नागरिकस्तरबाटै पहिलोपटक विरोध ज्याली प्रदर्शन गरिएको छ ।

विभिन्न पेशा, व्यवसाय, राजनीतिक दल, संघ-संस्था र सङ्गठनमा आबद्ध व्यक्तिहरूले ज्याली प्रदर्शन गरेका थिए । मेची भन्सार गेट अगाडिबाट शुरु भएको ज्याली काँकरभिट्टा बजारबाट बसपार्क हुँदै पुन: भन्सार गेट अगाडि आएर कोण सभामा परिणत भएको थियो ।

ज्यालीमा सहभागीहरूले संविधान डगमगायो, स्थायित्व खोइ ?, राष्ट्रपतिको दायित्व, लोकतन्त्र मास्न पाइन्न जनमतको हत्या सहिन्न, खड्ग ओलीको अभिमानले हत्या भयो संविधान, संसद् विघटन रातारात देश डुबाउन तिम्रो हात, प्रतिगमन मुर्दावाद जस्ता नारा लगाएका थिए ।

कोणसभामा बोल्दै युवा अभियन्ता संस्कृति रिजालले संविधानको रक्षा र प्रतिनिधिसभा पुनर्स्थापनाका लागि सडकमा उत्रिएको बताइन् । त्यस्तै युवा अभियन्ता सागर शिवाकोटीले सरकारको कदमले मुलुक द्वन्द्वतर्फ धकेलिएकोले प्रतिनिधिसभा पुनर्स्थापना हुनुपर्नेमा जोड दिएका थिए ।

विवाह र बसाइँसराइ गर्नेलाई समस्या

इलाम, माघ १५। आगामी वैशाख १७ र २७ गते तोकिएको प्रतिनिधिसभाको निर्वाचनको तयारी इलाममा पनि थालिएको छ ।

निर्वाचन आउन तीन महिना बाँकी रहँदा जिल्लामा मतदाता नामावली अद्यावधिक र मतदानस्थल तथा मतदान केन्द्रको अद्यावधिकमा जिल्ला निर्वाचन कार्यालय जुटेको छ । जसअन्तर्गत स्थानीय राजनीतिक दल, सुरक्षा निकाय, स्थानीय तहका जनप्रतिनिधिसँगको छलफललाई निरन्तरता दिइएको छ ।

मतदान केन्द्र तथा मतदानस्थल सिफारिस समितिको बैठकले इलाममा १० मतदान केन्द्र र आठ वटा नयाँ मतदानस्थल थप्न सिफारिस गरिएको छ । बैठकले सन्दकपुर गाउँपालिका-१ मा २, इलाम नगरपालिका-५ मा १, माङसेबुङ गाउँपालिका-४ मा १, रोङ गाउँपालिका-२ र ६ मा १/१, फाकफोकथुम गाउँपालिका-४, ६ र ७ मा १/१ मतदानस्थल थप गर्नका लागि निर्वाचन आयोगमा सिफारिस गरेको हो ।

त्यस्तै इलाम नगरपालिका-७ मा रहेको बाल मन्दिर आदर्श माविको मतदानस्थललाई महेन्द्ररत्न बहुमुखी क्याम्पसमा, वडा नं ९को पोखरी प्राविको मतदानस्थललाई इलाम उच्च माविमा सार्ने प्रस्ताव गरेको छ । त्यस्तै, देउमाई नगरपालिका-२ को सिंहदेवी माविको मतदानस्थललाई रत्नबम प्रतिष्ठानको भवनमा र माङसेबुङ- १ स्थित गजुरमुखी महिला सहकारीको मतदानस्थललाई सोही वडा कार्यालयको भवनमा सार्ने गरी अयोगमा प्रस्ताव पठाएको निर्वाचन अधिकारी प्रेमकुमार काफ्लेले जानकारी दिए ।

निर्वाचनलाई लक्षित गरेर मतदाता नामावली अद्यावधिक गरिने भएको छ । माघ १५ देखि २१ गतेसम्म प्रत्येक स्थानीय तहमा मतदाता नामावली अद्यावधिक गरिने निर्वाचन अधिकारी काफ्लेले जानकारी दिए । मतदाता नामावली अद्यावधिकका लागि निर्वाचन आयोगले माघ १५ गते मतदाता नामावली प्रकाशन गर्दैछ । नामावली सार्वजनिक भएपछि मतदाताले आफ्नो नामावली हुने, त्रुटी भए सच्याउने, दोहोरो परेको र मृत्यु भएकाको नामावली हटाउने, बसाइँसराइ र विवाह गरेर अन्त्य गएकाको हटाउने काम हुन्छ ।

विवाह र बसाइँसराइ गएकाले एक ठाउँमा भएको नामावली हटाए पनि अर्को ठाउँमा भने नयाँ नाम दर्ता गराउन सक्दैनन् । यसो गर्दा मतदान गर्ने अधिकारबाट वञ्चित हुने भन्दै जिल्लास्थित सरोकारवालाले निर्वाचन कार्यालयलाई ध्यान दिन आग्रह गरेका छन् । निर्वाचन कार्यालयका अनुसार आगामी निर्वाचनमा २०७७ साल पुस ५ गतेसम्म मतदाता नामावलीमा विवरण टिपाएका १८ वर्ष पुगेका नागरिकले मतदान गर्न पाउने भएका छन् ।

यसअघि २०७४ सालको प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा दुई लाख चार हजार ५४

(बाँकी अन्तिम पृष्ठमा)

सवारी दुर्घटना एक जनाको मृत्यु

इलाम, माघ १५। इलाम नगरपालिका-९मा भएको सवारी दुर्घटनामा परी एक जनाको मृत्यु भएको छ ।

इलामबाट झापातर्फ जाँदै गरेको को १८ प ६९७ नम्बरको मोटरसाइकललाई सोही दिशातर्फ जाँदै गरेको ना ३ ख २७३२ नम्बरको ट्रकले पछाडिबाट ठक्कर दिँदा माइजोगमाई गाँउपालिका-३की २८ वर्षीया सञ्जु आचार्यको घटनास्थलमा नै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय इलामले जनाएको छ ।

हात्तीको समस्या: बाँच्नको लागि रातभर जागै

बिनोद पाण्डे

चारपाने, माघ १५। झापाको बुद्धशान्ति गाउँपालिका-३मा जंगली हात्तीले मानव बस्तीमा पसेर दिनहुँ वितण्डा मच्चाइरहेको छ । हात्तीले भर्खरै स्थानीयका आधा दर्जन भन्दा धेरै घरहरुमा क्षति पुर्‍याएको छ भने घरभित्र राखेको अन्नपात नष्ट गरेको छ भने खेतबारीमा लगाइएको बाली, फलफूल र सागसब्जी भित्र्याउने अवस्था छैन ।

केही दिनअघि हात्तीले खिनामाया खतिवडाको घरको बरण्डामा लगाइएको बार भत्काएको छ । त्यस्तै अर्का कृष्णमाया चापागाँईको काठको बेरा भत्काएर धानको बोरा नै हात्तीले लिएर गएको थियो । अर्का स्थानीय शान्ति धिमालको दुईतर्फको टाटी र शौचालयमा हात्तीले क्षति पुर्‍याएको छ ।

सानो नानीसहित बस्दै आएकी स्थानीय गायत्री घिमिरेले

घरको सिकुवामा गुलले बेरा लगाएर च्याउ खेती गर्दै आएकी थिइन्, हात्तीले उनको च्याउ खेती कामै नलाग्ने गरी क्षति पुर्‍याएको छ । गाउँमा मजदुरी गर्दै बालबच्चा पाल्दै आएका प्रकाश लुइँटेलले बर्ष दिनसम्म पुग्ने ३० मन धान किनेर जोहो गरेर राखेका थिए, उक्त धानको भकारी नै तानेर घरबाहिर निकालेर खाइदिएपछि अब कसरी बर्षभरि खाने भन्ने चिन्तामा छन्- उनी । धान मात्र होइन टिनको छानो र एकतर्फीको टाटीबेरा कामै नलाग्ने गरी हात्तीले भत्काइदिएको छ । सोही ठाउँमा पशु आहार चोकर दानाको व्यापार गर्दै आएका पवनकुमार दंगालको दुईवटा सटरको पक्की गाह्रो र माथि लगाएको फल्स सिलिङ समेत क्षतविक्षत बनाई दिएको छ ।

घरै मास्तिर हात्ती आयो, छरछिमेकीहरु होहल्ला गर्दै हात्ती खेदाउन लागे गाउँलेसँगै हात्ती धपाउन निस्केका निलकण्ठ पौडेल भाग्यले बाँचे, उनलाई हात्तीले लसारपछार पार्दै ढाढमा कुल्चिदा दुईवटा करङ नै भाँचिएको छ- स्थानीयले भने । आलीको डिलमुनि परेकाले हात्तीले जोरले कुल्चिन पाएन र उनी बाँच्न सफल भए । उनी अहिले नोवेल अस्पतालमा अप्रेशन गराएर घरमै स्वास्थ्य लाभ गरिरहेका छन् । विपन्नताकाबीच जीवन निर्वाह गर्दै आएका पौडेलको गाउँलेहरुको सहयोगमा ५ लाखभन्दा धेरै खर्च भयो, हाल उनको अवस्थालाई हेर्दा कम्तीमा ६ महिना सामान्य जीवनमा फर्कन मुस्किल देखिन्छ- स्थानीयले भने ।

त्यहाँका नागरिकहरुसँग हात्ती धपाउने कुनै आधुनिक उपकरण पनि छैन, न प्रशासनको साथ छ । भगवान पुकारा गर्दै थाल ठटाएर हात्तीबाट बच्चको लागि हरेक रात चुनौतिको सामना गर्नुको विकल्प छैन । विगतका बर्षहरुमा हुलका हुल हात्ती आउने गरेको सो ठाउँमा यतिखेर एउटा हात्तीले उपद्रो गरिरहेको छ । जबसाँझ पर्दै जान्छ त्यहाँ मानिसहरु राँको र टर्च लाइटको व्यवस्थापनमा लाग्छन् । हिजो माथिल्लो घर भत्कायो, आज कसको घर भत्काउने हो, कसलाई

(बाँकी अन्तिम पृष्ठमा)

देशभरका ४०% इँटा उद्योग बन्द

झापा, माघ १५। कोभिड-१९का कारण देशभरका ४० प्रतिशत इँटा उद्योग बन्द भएका छन् ।

कोरोनाका कारण भारतीय मजदुर आउन नसक्दा इँटा उद्योग बन्द भएका हुन् । निजी तथा सरकारी निर्माण कार्य प्रभावित भएसँगै इँटाको माग घट्दा व्यवसायी उद्योग सञ्चालन गर्नेतर्फ निरुत्साहित बनेका छन् ।

नेपाल इँटा उद्योग महासंघका अध्यक्ष महेन्द्रबहादुर चित्रकार इँटा उद्योगीले कोभिडकै कारण अर्बौं रकम गुमाएको बताउँछन् । गत वर्ष ढिलोसम्म पानी परिरहेकाले धेरै इँटा नोक्सान भएको थियो । इँटा बन्ने समयमा कोभिडको प्रभावका कारण व्यवसायी धरासायी भएको उनको भनाइ छ । चित्रकारले भने-४० प्रतिशत उद्योग अहिले पनि बन्द छन् । चलेका उद्योग पनि पूर्ण क्षमतामा सञ्चालन हुन सकेका छैनन् । उद्योगीको भट्टामा इँटा नभएको, उठ्नुपर्ने रकम पनि खासै बाँकी नरहेको तर ऋण मात्रै बाँकी रहेको उनले गुनासो गरे ।

इँटा उद्योग आत्मनिर्भर भए पनि मजदुर भने भारतीयमा निर्भर हुनुपर्ने बाध्यता छ । गत वर्षहरूको तथ्याङ्कलाई हेर्दा ६६ प्रतिशत मजदूर भारतीय हुने गरेका छन् । चित्रकारले भने- यस क्षेत्रका तीन लाखमध्ये दुई लाख भारतीय मजदूर हुने गरेका थिए । उद्योगीले उद्योग सञ्चालन गर्न नसक्नुको पछाडि भारतीय मजदूर र लगानीयोग्य पूँजीको अभाव भएको उनको भनाइ छ ।

भारतीय मजदूर आउन चाहेका छैनन् भने ल्याउने अवस्था पनि कठिन भएको उनी बताउँछन् । इँटा उत्पादन गरेर पनि थन्क्याएर राख्नुपर्ने अर्को बाध्यता रहेको चित्रकारले बताए । महासङ्घका प्रथम उपाध्यक्ष नारायण सापकोटा बजारमा इँटाको माग नै कम हुँदा समस्या आएको बताउँछन् । मौसममा भर पर्नुपर्ने भएकाले यो व्यवसाय जोखिमपूर्ण भएको उनले बताए । कोभिडका कारण धेरै उद्योग पुन: सञ्चालन हुने अवस्थामा छैनन्- उनले

(बाँकी अन्तिम पृष्ठमा)

करेन्ट लागेर एक जनाको मृत्यु

मोरङ, माघ १५। मोरङको सुन्दरहरैंचा नगरपालिका-९का ३५ वर्षीय इलिहास मंसुरीको करेन्ट लागेर मृत्यु भएको छ ।

बेलवारीमा रहेको चिनारी स्कुलमा ग्रिलको गेट बनाउने क्रममा अचानक करेन्ट लागेर घाइते भएका मंसुरीलाई उपचारको लागि बिराट नर्सिङहोम बिराटनगर लगिएकोमा उपचारको क्रममा मृत्यु भएको इलाका प्रहरी कार्यालय बेलवारीले जनाएको छ ।

कर्मचारी आवश्यकता

यस डिपार्टमेन्ट स्टोरलाई निम्न अनुसारका कर्मचारी आवश्यक परेकोले इच्छुकले तु-सम्पर्क गर्नुहोला ।

१) **मेनेजर-** १ जना (पुरुष) योग्यता- स्नातक पास

कम्प्युटर हिसाब राख्न सक्ने, डिपार्टमेन्ट स्टोरमा काम गरेकोलाई विशेष प्राथमिकता दिइनेछ ।

तलब: आपसी समझदारीमा ।

सम्पर्क: **पाथीभरा डिपार्टमेन्ट स्टोर**

पश्चिम बस स्टेण्ड, बिर्तामोड, मो.नं. ९८२५९४७२७७, ९८२४९७४६९४

कर्मचारी तु-आवश्यकता

यस होटलका लागि निम्न कर्मचारीको आवश्यक परेकोले इच्छुकले तु-सम्पर्क गर्नुहोला ।

१) पद: **मेनेजर-** १ जना

योग्यता: स्नातक वा सो सरह (सम्बन्धित काममा दक्ष ।)

तलब: आपसी समझदारीमा ।

२) **वेटर:** २ जना योग्यता: सम्बन्धित काममा दक्ष ।

जय बागेश्वरी होटल एण्ड लज

पश्चिम स्टेण्ड, बिर्तामोड (मो. ९८२५९४७२७७)

बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी

के तपाईलाई पुरानो पाइल्स र हाडजोर्नी रोगले सताएको छ ? क्षारसूत्रद्वारा पाइल्सको उपचार मिति २०७७ माघ १८ गते आइतबार बिर्ता आयुर्वेदमा

बिशेष छुट: रगत जाँच, मेडिसिन, क्षारसूत्र, फिजियोथेरापी ।

स्थान: **अस्टाङ्ग आयुर्वेद फार्मेसी**

फोन नं. ०२३-५९०१६६,९८०६०००३१३

फ्ल्याट भाडामा

बिर्तामोडस्थित अन्धुवा पुल छेउ (दक्षिण) हाइवेमा रहेको घरको दोस्रो तला बैंक, वित्तीय संस्थाको लागि उपयुक्त फ्ल्याट भाडामा छ ।

सम्पर्क : ९८२५९४७२७७

TEACHER WANTED

S.No.	Subject	Qualification	Required
1	Science	B.SC	1
2	Computer	BCA	1

Note: *Salary No bar for Deserving Candidates*

Contact: **AIMS ACADEMY**

Arjundhara-08, Jhapa (9852674269, 023-556288)

हल्दिबारी हस्पिटल प्रा.लि.

हल्दिबारी-२, झापा

कर्मचारी आवश्यकता

'शिक्षा र स्वास्थ्य समाज विकासको आधार' भन्ने मूल उद्देश्य लिएर हल्दिबारी गाउँपालिका वडा नं. २, काजलीमा हल्दिबारीका बासिन्दाहरुको स्वास्थ्यलाई मध्यनजर गरी हल्दिबारी माविबाट २०५२ सालमा SLC पास गरेका सहपाठी साथीहरुको संयुक्त लगानीमा सञ्चालित हल्दिबारी हस्पिटल एक सेवामूलक स्वास्थ्य संस्था हो । स्वास्थ्य सम्बन्धी विभिन्न सेवाहरु २४सैं घण्टा इमरजेन्सी, फार्मेसी, ओपीडी सेवा, एक्स-रे, भिडियो एक्स-रे, ईसिजी, छाती/दम रोग, छाला तथा यौन रोग, नाक/कान/घाटी, बाल रोग, हाड जोर्नी लगायतका तथा अत्याधुनिक प्रविधियुक्त प्रयोगशालामा थाईरोईड, सुगर/प्रेसर, मृगौलाको सम्पूर्ण परिक्षण, बोसो, कलेजोको परिक्षण र विशेषज्ञ डाक्टरहरुद्वारा बिरामीको उपचार गरिने यस हस्पिटलमा उल्लिखत सेवा सञ्चालनको लागि दक्ष र अनुभवी जनशक्तिको आवश्यक परेको हुँदा दक्ष जनशक्तिबाट दरखास्त आह्वान गरिन्छ ।

सि.नं.	पद	संख्या	न्यूनतम् शैक्षिक योग्यता
१	मेडिकल अधिकृत (फिजिसियन)	२	MBBS उत्तिर्ण
२	मेडिकल अधिकृत (सोनोलोजिष्ट)	१	MBBS उत्तिर्ण
३	हेल्थ असिस्टेन्ट (HA)	२	HA course Passed
४	CMA	२	CMA course passed
५	अनमी	२	ANM course passed
६	फार्मेसिस्ट	२	D.Pharma/B.Pharma
७	Lab Technician	२	Lab technician
८	Cleaner	२	8 class passed
९	सुरक्षा गार्ड	२	10 class passed
१०	ड्राईभर	१	१० कक्षा पास र हलुका सवारी चालक अनुमति पत्र प्राप्त ।

- सि.नं. १ देखि सि.नं. ७ सम्मको लागी काउन्सिल दर्ता अनिवार्य ।
- सबै पदको लागि सम्बन्धित काममा कम्तिमा १ वर्षको अनुभव भएको हुनुपर्नेछ ।
- दरखास्त haldibarihospital@gmail.com मा पठाउनु पर्नेछ ।
- **परीक्षाको किसिम :** अन्तरवार्ता
- **अन्तरवार्ताको मिति:** short listed उमेद्वारलाई फोन मार्फत सम्पर्क गरिनेछ ।
- **दरखास्त दिने अन्तिम मिति :** २०७७ माघ २२ गतेसम्म

सम्पर्क:

हल्दिबारी हस्पिटल प्रा.लि.

हल्दिबारी-२ झापा

फोन नं. ९८५२६७८९३७/९८२११२३८२६/९८०६००२३३८/९८४००३६९५६

गुठीकै जग्गा गुठीकै नाममा आएपछि ...

बिर्तामोड, माघ १५। अनारमनीस्थित दुर्गा स्थान गुठीको जग्गा केशवप्रसाद बिमलीले गुठीकै नाममा फिर्ता गरेकोमा झापा गोल्डकप, झापा ११ फुटबल क्लब र झापा फुटबल क्लबले आभार व्यक्त गरेका छन् ।

बिर्तामोडमा बिहीबार पत्रकार सम्मेलनको आयोजना गर्दै लामो समयदेखि विवादमा रहेको सो जमिन गुठीकै नाममा फिर्ता गरेर बिमलीले उदाहरणीय काम गरेको भन्दै खेलसँग सम्बन्धित विभिन्न क्लबले आभार व्यक्त गरेका हुन् । झापा गोल्डकपका अध्यक्ष बिनोद बस्नेत, झापा ११ फुटबल क्लबका अध्यक्ष जलकुमार गुरुङ र झापा फुटबल क्वलका अध्यक्ष गजेन्द्रबहादुर पौडेलले संयुक्त रुपमा प्रेस नोट जारी गर्दै २०७७ साल माघ १२ गते भूमिसुधार तथा मालपोत कार्यालय झापामा बिमलीले हक छोड सनाखत गरी जग्गा फिर्ता गरेको

बताएका छन् ।

बिमलीले कित्ता नं. १२०, ८२२, ८२५ र ८१५को अनारमनीस्थित दुर्गास्थान राजगुठीका नाममा रहेको जग्गाका मोही टीकादेवी बिमलीको निधनपछि फिर्ता गरेको प्रेस नोटमा उल्लेख छ । योसँगै कित्ता नं. ८२०, ८१२ सूर्यकुमार बिमलीको नाममा रहेकाले त्यसलाई समेत फिर्ता ल्याउने पहल भइरहेको बताइएको छ । जसका लागि महान्यायाधीवक्ता अग्निप्रसाद खरेलले आवश्यक पहल गरिरहेको बताइएको छ ।

खेलकुदको विकासका लागि फिर्ता भएको जमिनमा डोमालाल राजवंशी रंगशाला बनाउने पहलकदमीका लागि प्रक्रिया अघि बढाइने बताइएको छ ।

श्रम विवाद समाधानको अभ्यास प्रशंसनीय

बिर्तामोड, माघ १५। बिर्तामोड उद्योग वाणिज्य संघ र युनिकम नेपालबीच भएको सात बुँदे सहमतिपछि बनेको श्रम विवाद समाधान समितिले गरेका काम प्रभावकारी बन्दै गएको छ ।

समिति मार्फत् व्यवसायी र कामदार कर्मचारीबीचको श्रम विवादलाई आपसी छलफल र वार्ताद्वारा समाधान गरिन थालेको छ ।

बिहीबार बिर्तामोडमा आयोजित एक छलफलका सहभागीले उक्त काम चुनौतिपूर्ण भए पनि विवाद समाधानको अभ्यासलाई सबैले स्वागतयोग्य र प्रशंसनीय भनेका छन् । साथै व्यवसायी र कामदार कर्मचारीबीचको सम्बन्ध सुमधुर हुनुपर्नेमा पनि उनीहरुले जोड दिएका छन् ।

जुनसुकै विवादमा पनि दुई पक्षलाई वार्तामा राखेर छलफल गर्दा सकारात्मक निष्कर्ष आउने गरेको विवाद समाधान समितिको अनुभव छ ।

संवाद समूह झापाको संयोजनमा सामाजिक संवादका माध्यमबाट गत पुस ४ गते बिर्तामोड उद्योग वाणिज्य संघ र युनिकम नेपालबीच सात बुँदे सहमति भएको थियो ।

सहमति अनुसार वाणिज्य संघको तर्फबाट उपाध्यक्ष राजु न्यौपानेको संयोजकत्वमा नारायण चिमरिया र राधिका चुडाल हुमागाईं सदस्य तथा युनिकम नेपालको तर्फबाट भुपेन्द्र भण्डारीको संयोजकत्वमा केशवप्रसाद भट्टराई र प्रतिमा राउत सदस्य रहेको श्रम विवाद समाधान समिति बनेको छ ।

तस्वीर : बिनोद पाण्डे/पूर्वाञ्चल

श्रमसँग सम्बन्धित विवादमा दुबै समितिले संयुक्तरुपमा सरोकारवालालाई एकैथलोमा राखेर छलफल गरी समस्याको समाधान गर्दै आएका छन् । युनिकम नेपालका केन्द्रीय अध्यक्ष गजेन्द्र पौडेलले सरोकारवालाहरुको सहभागितामा विवाद निरुपणको अभ्यास अत्यन्त राम्रो भएको बताए ।

बिर्तामोड उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष प्रकाश शिवाकोटीले वार्ता र संवादको संस्कारले समस्या समाधान गर्नुका साथै व्यवसायी-कर्मचारीबीचको सम्बन्ध सुमधुर हुनुपर्नेमा जोड दिए ।

छलफलमा वाणिज्य संघको तर्फबाट समितिका संयोजक न्यौपाने, उपाध्यक्ष पार्वता बिमली, महासचिव प्रशान्त भण्डारी, राष्ट्रिय वाणिज्य संघका अध्यक्ष सुवास भट्टराई, बिर्तामोड उद्योग वाणिज्य संघकी सदस्य राधिका चुडाल हुमागाई, युनिकमका तर्फबाट केशवप्रसाद भट्टराई, श्याम खड्गी, कृष्ण पोखरेल, मनबहादुर भण्डारी लगायतले कामदार कर्मचारीको रोजगारीको ग्यारेन्टी र सुमधुर सम्बन्धमा जोड दिए । छलफलको सहजीकरण संवाद समूहका सहजकर्ता अधिवक्ता खगेन्द्र खरेलले गरेका थिए ।

वीएण्डसीमा क्यान्सरका विरामीलाई सुविधा

झापा, माघ १५। झापाको बिर्तामोडमा रहेको पूर्वाञ्चल क्यान्सर अस्पतालले सरकारले प्रदान गर्दै आएको एक लाख रुपैयाँ सहयोग सुविधा प्रदान गर्न शुरु गरेको छ ।

अस्पताल परिसरमा आयोजित पत्रकार सम्मेलनमा जनसम्पर्क अधिकारी प्रमिश गिरीले विपन्न नागरिक औषधि उपचार कार्यक्रम अन्तर्गत सो सेवा प्रदान गर्न शुरु गरिएको बताए । गतवर्षबाट शुरु भएको क्यान्सर अस्पताल र स्वास्थ्य सेवा विभागबीच सम्झौता भई १ लाख रुपैयाँ छुट दिने कार्यक्रम कार्यान्वयन गरिएको हो । अस्पतालले गत पुस २१ गते विभाग र अस्पताल बीच सम्झौता गरेको थियो ।

गरीब, विपन्नका लागि सरकारले सहयोग स्वरुप क्यान्सर उपचारार्थ एक लाख रुपैयाँ दिँदै आएको छ । पूर्वाञ्चल क्यान्सर अस्पतालमा पनि सो सुविधा प्रदान गर्न थालिएको अस्पतालका क्यान्सर रोग विशेषज्ञ डा. वीरेन्द्रकुमार यादवले जानकारी दिए । अब नेपाल सरकारले

उपलब्ध गराउने सेवा जुनसुकै अस्पतालबाट रेफर ल्याए पनि स्थानीय तहको सिफारिसमा बिरामीले पाउँनेछन्- डा. यादवले भने ।

एक लाख रुपैयाँ छुट प्राप्त गर्न स्थानीय तहको सिफारिस अनिवार्य गरिएको छ । अस्पतालका क्यान्सर रोग विशेषज्ञ यादवका अनुसार स्थानीय तहले गरीब, विपन्न भएको सिफारिसका लागि नगर प्रमुख, प्रमुख प्रशासकीय अधिकृत र स्वास्थ्य शाखाको प्रमुखले सिफारिस गर्नुपर्नेछ । पूर्वमै अत्याधुनिक प्रविधिसहित स्थापना गरिएको क्यान्सर अस्पतालका कारण विरामीहरुले अन्य देश जानुपर्ने बाध्यता हटेको छ ।

विवाह बर्षगाँठमा श्रेष्ठद्वारा सहयोग

वितामोड, माघ १५। पछिल्लो समय बैवाहिक वर्षगाँठ, जन्मदिन मनाउने तरिकामा परिवर्तन हुँदै सामाजिक कार्यमा सहयोग गर्ने क्रम बढ्दो छ ।

यस्ता अवसरहरुमा फजुलमा गरिने खर्चलाई कटाएर सामाजिक सेवा क्षेत्रमा लगाउने क्रममा झापामा स्थापित फोटो तथा होटल व्यवसायि साहित्य तथा गीत तथा कला क्षेत्रको संरक्षणमा समर्पित देवीभक्त श्रेष्ठ र उर्मिला श्रेष्ठले आफ्नो ३४औं विवाह उत्सव संघ-संस्थालाई सहयोग तथा सम्मान गरेर मनाएका छन् ।

श्रेष्ठ दम्पत्तीले ३४औं विवाह उत्सवका दिन विहीबार साहित्य चौतारी झापाको सभाहलमा आयोजित एक कार्यक्रमकाबीच झापाका महिला सञ्चारकर्मीले स्थापना गरेको नारी सञ्चार प्रोत्साहन अक्षयकोष र पूर्वाञ्चल कलाकर्मी समाजलाई नगद सहयोग प्रदान गर्नुका साथै गायिका मेनुका पौडेललाई सम्मान गरिएको थियो ।

विभिन्न गीत/संगीत तथा गजल प्रस्तुत गरिएको कार्यक्रममा साहित्य चौतारीका संस्थापक संरक्षक समेत रहेका श्रेष्ठले पूर्वाञ्चल कलाकर्मी समाजले स्थापना गरेको अक्षयकोषका लागि ५१ हजार र नारी सञ्चार प्रोत्साहन अक्षयकोषका लागि ११ हजार एकसय ११ रुपैयाँ सहयोग प्रदान गरेका थिए ।

श्रेष्ठ दम्पत्तीले पूर्वाञ्चल कलाकर्मी समाजलाई प्रदान गरेको रकम बरिष्ठ गीतकार शिवशंकर थापा, दिपक रायमाझी र नारी सञ्चार प्रोत्साहन अक्षयकोषका लागि प्रदान गरेको रकम कोषका संयोजक रेजिना गौतम, कोषाध्यक्ष ज्योस्ना श्रेष्ठ र सदस्य मायामितु न्यौपानेलाई संयुक्त रुपमा हस्तान्तरण गरेका थिए ।

सोही अवसरमा आगामी ३ वर्षका लागि संगीत सिक्न भारत जान लागेकी मेनुका पौडेललाई सम्मान पत्र, दोसल्ला र अन्य उपहारसहित सम्मान गरिएको थियो । साथै साहित्य चौतारी झापाले कलाकार तथा साहित्यकारको उपचारका लागि आह्वान गरेको सहयोग रकम संकलनको कार्य पनि विहीबारदेखि नै अन्त्य भएको संरक्षक श्रेष्ठले जानकारी दिए । अभियानका क्रममा कलाकार फूर्वा योञ्जनको उपचार सहयोगार्थ संकलित रकम साहित्य चौतारी झापाका उपाध्यक्ष दीपक रायमाझीलाई हस्तान्तरण गर्दै अभियानको अन्त्य गरिएको हो ।

हात्तीको ...

घाइते बनाउने र कसले मर्नुपर्ने भन्ने त्रासमै त्यहाँका नागरिकका दैनिकी बित्ने गरेको छ ।

हात्तीले क्षति पुऱ्यायो, राहत पाउँ भन्दै स्थानीय सरकार समक्ष निवेदन दिनेहरुको संख्या दिनहुँ बढिरहेको छ । स्थानीय सरकारले प्रक्रियाको कारण देखाउँदै ढिलो राहत दिने, धनीपुर्जा नभएकाले राहत नपाउने नियमले गर्दा भूमिहीनहरु झनै मर्कामा परेका छन् । बन्यजन्तुको कानून कडै छ, कानून कार्यान्वयन गर्ने जिम्मा पाएको वन विभागलाई नागरिकले पीडा प्रस्तुत गर्दा क्षतिप्रति कुनै चासो दिइँदैन, उल्टै नागरिकलाई हप्काउने गरेको पीडित पवनकुमार दंगालको गुनासो छ ।

हात्तीले लाखौंको क्षति पुऱ्याउँछ तर क्षतिपूर्ति दिने कानूनमा छैन भन्दै राहतमा दश, पन्ध्र हजारसम्म वन विभागले उपलब्ध गराउन सहजीकरण गर्छ, स्थानीय सरकारले पाँच हजार दिने निर्णय गरेको छ । सो रकम पनि प्राप्त हुन महिनौ लाग्ने गरेको कारण पीडितहरुको दुःखमा मल्हमपट्टि लाग्न सकेको छैन ।

हात्ती नआओस् भनेर त्यहाँका स्थानीयहरुले अनेकौ उपायहरु अपनाएका छन् । घर वरिपरि प्लास्टिकका धजा टाँगेका छन् । बिजुली प्रवाह भएको जस्तो देखाउन तारले घरबारी घेरेका छन् । घरै पिच्छे राँको, टर्च, ठूलो आवाजमा बज्ने बाजा, ढोल ह्याङ्ग्रो तयार पारिएको हुन्छ, कुनै टोलमा हात्ती देखियो भने होहल्ला गर्दै राँको र बाजा बजाउन थाल्दा रहेछन्, त्यहाँका दीनदुःखी कृषक, मजदुरहरु ।

हात्ती र मानवबीच ठूलो द्वन्द्व रहेको छ । हात्तीले मान्छे मार्ने कि मानिसले हात्ती ? कानूनको परिधिमा रहेका स्थानीयहरु सरकारले नै हात्तीलाई अन्यत्र पठाउने वा व्यवस्थापन गर्ने काम गरोस् भन्ने चाहन्छन् । जंगल क्षेत्रलाई बिद्युतीय तारबार गर्ने, दिउँसै जंगलबाट नै हात्ती लखेट्ने अन्तिम विकल्प रहेको स्थानीय नागरिक अगुवा सीताराम बाँस्तोला बताउँछन् । उनी अहिले स्थानीय सरकारले गठन गरेको मानव हात्ती द्वन्द्व न्यूनीकरण समितिका अध्यक्ष पनि हुन् ।

हात्तीले व्यक्तिका मात्र हैन सार्वजनिक भौतिक संरचनाहरु पनि भत्काउने काम गरिरहेको छ । हात्तीले केही दिनअघि आदर्श नमूना सामुदायिक बनले निर्माण गरेको पर्यटकीयस्थलमा रहेको मन्दिरको भण्डार कोठाको भित्तो पनि भत्काइदिएको छ । जंगलमा घेराबारा गरिएका पोल र तारहरु जतातते छिनाईदिएको छ । सो क्षेत्रमा विगतका दिनमा हात्तीले मानिस मारेको र हात्ती पनि मरेको अवस्थामा फेला परेको घटनाहरु स्थानीयका लागि ताजै छ । अब मानव र जंगली जनावरको ज्यान नजाओस् भन्नको लागि सरकारले त्यस क्षेत्रमा दीर्घकालीन समस्या समाधानको कार्यक्रम र योजना तत्काल ल्याउन आवश्यक छ ।

देशभरका ...

भने ।

नेपालमा वार्षिक तीन अर्ब वटा इँटा उत्पादन हुने सङ्घको तथ्याङ्क छ । देशभरमा एक हजार ८०० उद्योग रहेका छन् । सापकोटाको भनाइमा नयाँ ऋणीले सस्तो ब्याजमा ऋण पाए पनि पुरानाले महँगो तिरिरहनु पर्दा नोक्सान बढ्दो छ । उद्योग नचले पनि जग्गा भाडा र कर्मचारी पाल्नुपर्ने बाध्यता उद्योगसँग रहेको छ । उनले भने- जग्गा बेचेर ऋण तिर्नुपर्ने बाध्यतामा उद्योगी छन् ।

उद्योग सञ्चालन गर्न रु. दुई करोडदेखि १५ करोडसम्म लगानी गर्ने गरेको व्यवसायीको भनाइ छ । स्थानीय तहहरूले माटो ल्याउन समस्या खडा गर्ने, अनावश्यक कर लगाउने, स्थानीयवासीले प्रदूषणको नाममा अनावश्यक दुःख दिने गरेका कारण पनि यो व्यवसाय प्रभावित भएको सापकोटा बताउँछन् ।

पछिल्ला वर्षमा प्रदूषणरहीत चिम्नी निर्माण गरी इँटा उत्पादन गरिँदै आएको छ । कोभिडले दाङभन्दा पश्चिम क्षेत्रमा कम प्रभाव पारेको भए पनि देशका अन्य क्षेत्र पूर्णरूपमा प्रभावित भएको व्यवसायी बताउँछन् । चितवनको खैरहनीमा रहेको खनाल इँटा उद्योगका सञ्चालक ईश्वरी पण्डित जिल्लाका १८ उद्योगमध्ये दुई वटा मात्रै जेनतेन सञ्चालनमा आएको बताउँछन् । उनले चैत ११ गतेयता उद्योग सञ्चालन गर्न नसकेको गुनासो गरे । उद्योग पूर्णरूपमा नोक्सानमा गएको भन्दै उनले मजदूरका समस्या समाधान र पुनःसञ्चालनका लागि सुलभ ऋणको व्यवस्था हुनुपर्ने बताए । पण्डितले भने- सरकारले हेरेन भने आत्मनिर्भर यो व्यवसाय सङ्कटमा पर्छ ।

स्वदेशमा उत्पादन हुने भएकाले देशको ठूलो धनराशी विदेशिनबाट बचेको भन्दै उनले सरकारी सहयोग भएमा निर्यातसमेत गर्न सकिने बताए । विगतका वर्षमा भारतीय सीमा क्षेत्रमा नेपालबाट इँटा जाने गरेको उनले स्मरण गराए । नेपाली इँटा उच्च गुणस्तरको हुने गर्दछ । पछिल्ला वर्षमा इँटाको विकल्पमा विभिन्न उत्पादन बजारमा आउन थालेपछि निर्माण क्षेत्रमा यसको प्रयोगसमेत घट्दै गएको हो ।

महासङ्घले प्रदूषण र लागत घटाएर इँटा उत्पादनका लागि पहल गरिरहेको छ । नेपालका ३३ जिल्लाका व्यवसायी सङ्गठित छन् । हालसम्मको तथ्याङ्कलाई हेर्दा रौतहटमा सबैभन्दा बढी १६० वटा उद्योग छन् ।

विवाह ...

जना मतदाता थिए । गएको पुस मसान्तसम्ममा मतदाताको सङ्ख्या थपिएर दुई लाख १४ हजार ८ सय ३६ पुगको छ । करीब तीन वर्षमामा दश हजार ७ सय ८२ मतदाता थपिए पनि मतदाता अद्यावधिक हुँदा केही सङ्ख्या कम हुनसक्छ ।

मतदाता अद्यावधिक गर्न प्रत्येक स्थानीय तहकामा एक-एक जना कर्मचारी परिचालन भइसकेको छ । मतदाता नामावली अद्यावधिकपछि मतदाताको अन्तिम नामावली प्रकाशन हुनेछ ।

बिमालेख हरायो

पोखराबाट बिर्तामोड जाने क्रममा यही मिति २०७७/०८/२० गते मेरो निम्न व्यहोराको नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम:- प्रज्ज्वल अधिकारी
ठेगाना:- साविक: पोखरा-९, कास्की हाल: विराटनगर-१, मोरङ
बीमालेख नं.:- १२५००७२३१
कम्पनी नाम : नेपाल लाइफ इन्स्योरेन्स क.लि.

शिवसताक्षी नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
ब्याङडाँडा झापा प्रदेश नम्बर १ नेपाल

सँधियारका नाममा जारी गरिएको ७ दिने सूचना

सावित शिवगञ्ज गाविस वडा नम्बर-८ हाल शिवसताक्षी नगरपालिका वडा नम्वर ७ बस्ने श्री हरिमाया अधिकारीले सावित शिवगञ्ज ८ (ख) को कित्ता नम्बर ९५८ र ९५९को जवि ०-०-५ र ०-०-५मा मेरो नाममा दर्ता कायम रहेको जग्गामा तीन तले घर निर्माण नक्सा पास तथा निर्माण कार्य गर्न पाउँ भनी यस नगरको घर जग्गा नक्सा शाखामा निवेदन तथा घर नक्सा पेस गर्नुभएकोले यसअघि १५ दिने सूचना टाँस गरिएको र उक्त अवधिमा तपाई पश्चिमतर्फका सविता श्रेष्ठ, पूर्व-उत्तरतर्फको बाटो दक्षिणतर्फ तारा कार्कीमध्ये तपाई श्री तारा कार्की उपस्थित नरहेकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४को दफा ३१को उपदफा (क)प्रयोजनका लागि उपस्थित हुन पुनः ७ दिने सूचना प्रकाशित गरिएको छ ।

दर्ता नं (३/१/७/६३२) ०६८/०६९
चौतारी बचत तथा ऋण सहकारी संस्था लि.
Chautari Saving and Credit Co-Op.Ltd.
शिवसताक्षी-८, झिलझिले (झापा) सम्पर्क: ०२३-५४७०००९

कर्मचारी आवश्यकता

यस चौतारी बचत तथा ऋण सहकारी संस्था लि., झिलझिले-८, झापाको सेवा केन्द्र शिवसताक्षी नपा-३ पाराबारीको लागि सेवा केन्द्र प्रमुख (सहायक द्वितीय) आवश्यक परेकोले इच्छुक व्यक्तिहरुबाट दरखास्त आव्हान गरिन्छ ।

पदः सेवा केन्द्र प्रमुख (सहायक द्वितीय) संख्याः १ जना
उमेरः सहायक स्तरको लागि १८ बर्ष पूरा भई ३५ बर्ष ननाघेको । महिलाको हकमा ४० बर्ष ननाघेको ।
शैक्षिक योग्यताः कक्षा १२ वा सो सरह उत्तीर्ण बढुवाका लागि एक तहमुनि कार्यरत ३ बर्षको अनुभव
आवश्यक कागजातः नेपाली नागरिकताको प्रतिलिपि-१ थान, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, पासपोर्ट साइजको फोटो २ थान र बायोडाटा
आवेदन दिने मितिः २०७७।१०।१९ गते कार्यालय समयभित्र
दरखास्त बुझाउने स्थानः मुख्य कार्यालय, शिवसताक्षी-८, झिलझिले
छनौट विधिः लिखित/मौखिक/प्रयोगात्मक
परीक्षा मिति आवेदन मितिः समाप्त भएपछि कार्यालयबाट जानकारी गराइन्छ ।
सेवा सुविधाः संस्थाको नीति अनुसार
अन्य योग्यताः कम्प्युटर सम्बन्धी ज्ञान भएको/सहकारीलाई राम्रोसंग बुझेको हुनुपर्ने ।
आवेदन शुल्कः रु. २०० मात्र ।

कर्मचारी पदपूर्ति उपसमिति

आकर्षक घडेरी बिक्रीमा

झापाको अर्जुनधारा-९स्थित कटहरडाँडामा कालोपत्रे पिच बाटोले छोएको ४२ फिट मुख भई पश्चिम फर्केको घरायसी तथा व्यापारिक प्रयोजनको लागि भिटाहरु एकमुष्ठ वा टुक्रा गरी लिन चाहने व्यक्तिले सम्पर्क राख्नुहोला ।

नोटः जम्मा जग्गाको क्षेत्रफल १६ कट्ठा १३ धुर रहेको छ ।
पुनश्चः बाटोको भाग पिच सेन्टरबाट २६ फिट कट्टा गरी दिइनेछ ।
सम्पर्क : नरेश श्रेष्ठ (९८४२६२४१५०/९८१७०२१८५५)

कर्मचारी आवश्यकता

बितामोड आई हस्पिटल प्रा.लि. चारपानेमा केही कर्मचारीको आवश्यकता भएको हुँदा यो सूचना प्रकाशित भएको मितिले सात दिन भित्र अस्पतालको प्रशासन शाखामा निवेदन दिनु हुन अनुरोध गरिन्छ ।

१. पदः **रिसेप्सनिष्ट**
योग्यताः +२ वा सो सरह उत्तीर्ण (Basic computer course गरेको)

२. **सहयोगी कर्मचारी**
योग्यता : दश कक्षा उत्तीर्ण

Birtamode Eye Hospital
Charpane,Birtamode-1, Jhapa, Nepal
Phone: +977-23-540476, 546295
E-mail: mnec.beh@gmail.com

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।।

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०५५/ ९८१७५९०२५५) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ उपसम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

शहीदहरुको सम्झना र सम्मान

'बन्दैन मुलुक दुईचार सपूत मरेर नगए' कवि भूपि शेरचरद्वारा रचना गरिएको कविताको उल्लेखित अंशले देशको समृद्धिका लागि वीरहरुको शहादत आवश्यक छ भन्ने आशय प्रकट गरेको छ । सृजनाको वाहक उज्यालो हो जुन सूर्यको उदयसँगै हुन्छ । त्यही सूर्योदयले कान्ति प्रदान गर्छ र पौरखीहरुले धर्तीमा पौरख र पसिना सिञ्चन गरेर ऐश्वर्य फलाउँछन् । त्यही ऐश्वर्य देशको समृद्धिको आधार बनिन्छ । त्यसैगरी देशको उन्नतिका लागि चेतनाको विकास हुनुपर्छ, विद्यमान अवरोध र विसंगति हटाउने चेतना शिक्षाको प्रकाशद्वारा प्रज्ज्वलित हुन्छ । हाम्रो देशको सन्दर्भमा ती महान आत्माहरु जसले जनतालाई सार्वभौम बनाउन, मानवअधिकार तथा स्वतन्त्रताको उपभोग गर्ने परिस्थितिको निर्माण गर्न शुक्रराज शास्त्री, धर्मभक्त, गंगालाल र दशरथ चन्दले आफूलाई समर्पित गरे । स्वतन्त्रता, नागरिक अधिकार स्थापित गर्ने एकलब्य लक्ष्य स्वीकार गरेर हाँसी-हाँसी मृत्युवरण गरे ।

आज माघ १६ गते । तिनै सपूतहरुको सम्झना र सम्मान गर्ने दिन । उनीहरुको सेवा र बलिदानले राणा शासनको अन्त्य गर्ने आधार तयार गऱ्यो । राणाहरुको निरंकुश र स्वेच्छाचारी शासन व्यवस्थाको विरुद्ध आमजनतामा चेतना जागरण गर्ने वीर शहीदहरुको सम्झनामा एक हप्तासम्म विविध कार्यक्रमहरु गर्दै सम्मान गर्ने परम्परा रहेको छ । प्रजातन्त्र र जनताका पक्षमा वकालत गरेको अभियोगमा गोली हानेर र झुण्ड्याएर हत्या गरिएका उनै शहीदहरुको शहादत र योगदानको स्मरण र सम्मानसहित त्यही पथमा अग्रसर हुन आजको दिनले उत्प्रेरणा दिनु पर्दछ । आफ्नो देश, आफ्नो संस्कृति, अस्तित्व, स्वतन्त्रताप्रति सबैले गौरव गर्नु पर्दछ । यसले मात्र जातीय पहिचान जोगाउँछ, स्वाधीनता र राष्ट्रभक्तिको सर्वोच्चतालाई कायम राख्दछ । इतिहासको विभिन्न कालखण्डमा विभिन्न आरोह-अवरोहहरु हामीले पनि अनुभूत गरेका छौं । प्रजातन्त्र प्राप्ति पछिको निर्दलीय, ०३६ को जनमत संग्रह, ०४६ सालपछि बुहदलीय र ०६२-०६३ सालको जनआन्दोलनले स्थापित गणतन्त्रमा प्रवेश गरेको दिनसम्म आइपुग्दा पनि शहीदहरुको वलिदानले सार्थकता पाउन सकेको छैन । जनता अझै मालिक हुन सकेका छैनन्, जनमतको सम्मान गर्ने परिपाटी स्थापित हुन पाएको छैन ।

देश यतिबेला फेरि पनि अस्थिरता र द्वन्द्वतर्फ धकेलिएको छ । अझै पनि हाम्रा शासकहरुमा प्रजातन्त्रको मर्म र भावनालाई आत्मसात गर्ने मानसिकताको विकास भएको छैन । गणतान्त्रिक नेपालको शक्तिशाली प्रधानमन्त्रीले पनि प्रजातन्त्रको प्रत्याभूत गर्न नसकिरहेको अवस्थामा हाम्रा प्रथम शहीद लखन थापासहितका सम्पूर्ण चेतनाका उज्ज्वल नक्षत्रहरु प्रति सम्मान प्रकट गरौं । उनीहरुका आदर्श, निष्ठा र सत्संकल्पको अनुशरण गरौं । जन्मभूमिप्रतिको कर्तव्य पूरा गर्न कृतसंकल्पित होऔं । मुख्यगरी हाम्रा शासक वर्गमा शहीद दिवस र शहीद सप्ताहले राष्ट्र र राष्ट्रभक्तिलाई शिरमा राखेर मातृभूमिको सेवा निःस्वार्थ भावले गर्न सक्ने ऊर्जा प्राप्त होस् । यो पावन अवसरमा शहीदहरुप्रति सश्रद्धा सम्मान प्रकट गर्दछौं ।

किन महत्वपूर्ण छ नागरिक समाजको खबरदारी ?

विष्णुप्रसाद खरेल

राजनीतिमा अविश्वासलाई कसरी व्यवस्थापन गर्ने, राज्य र समाजको सम्बन्ध कस्तो हुनु पर्दछ भन्ने आफ्नै ढंगको शक्ति पृथकीकरणको सिद्धान्त हुन्छ । मान्छे शक्तिमा पुगेपछि अविश्वासबाट चल्छ । शक्तिसीनहरु माथि विश्वासको भन्दा अविश्वासको डण्डा धेरै चलाउने गरिन्छ । अहिले हाम्रो राजनीति पनि यही अविश्वासबाट प्रभावित भएको छ । हामी कसैलाई विश्वास गर्न सक्दैनौं । नेताहरुबाट शुरु भएको अविश्वासको संस्कृति बिस्तारै नागरिक तहसम्म जोडिन थालेको छ । हामी एकले अर्कालाई अविश्वासको नजरले हेर्ने कुरामा अभ्यस्त हुदैछौं ।

फ्रान्सेली क्रान्तिलाई हामी 'रिपब्लिकन रिभलुसन' भन्छौं । फ्रान्सेली क्रान्ति चार सिद्धान्तमा बाँधिएको छ- ऐक्यबद्धता, बन्धुत्व, स्वतन्त्रता र समानताका सिद्धान्त । अमेरिकी क्रान्तिलाई हामी 'कन्स्टच्युसनल रिभलुसन' भन्छौं । त्यहाँ हरेक कुरा संविधानले निर्धारित गरेको हुन्छ । बेलायती प्रजातन्त्र 'पपुलर डेमोक्रेसी' हो । त्यहाँ जनताले संघर्ष गरेर राजाबाट शक्ति लिए । बेलायती संसदले पुरुषलाई महिला र महिलालाई पुरुष बनाउनबाहेक सबथोक गर्न सक्छ भन्ने गरिन्छ । त्यो भनेको संसदको सर्वोच्चता हो । नेपाली जनताले संविधान सभामा भाग लिएर जनताबाट निर्वाचित प्रतिनिधिहरु मार्फत संविधान बनाए । जनताका प्रतिनिधिहरुले संविधान बनाएको हुनाले हामीले हाम्रो संविधानमा नागरिक सर्वोच्चतालाई राख्यौं । अर्थात्, नेपालको शासन प्रणाली नागरिक सर्वोच्चतामा आधारित शासन प्रणाली हो ।

हामी संगठित रहन र हरेक व्यक्ति, समुदाय, समाजको आकांक्षा प्राप्त गर्नका निम्ति हामीले साझा दस्तावेजको संविधान बनायौं । हाम्रो शासन व्यवस्थामा नागरिकको संवैधानिक सर्वोच्चता छ । हामी कसरी राज्य सञ्चालन गर्छौं ? राजनीतिक नेतृत्व निरंकुश हुन्छ कि त्यसमा अंकुश लाग्छ ? नागरिकले राज्यप्रति गर्नुपर्ने काम, कर्तव्य र अधिकार कस्तो हुन्छ ? यी सबै संविधानले तय गरेको छ । तर, नेपालका नेताहरुको व्यवहार हेर्दा लाग्छ, लोकतन्त्र उनीहरूले जनतालाई उपहार दिएका हुन् । जब कि, लोकतन्त्र नेपाली जनताको लामो संघर्षबाट आएको हो । जनताले बनाएको संविधानले सबैलाई बाँधेको छ । नेपालका नेताहरु भने संविधानले उनीहरुलाई होइन जनतालाई मात्र बाँध्ने हो भन्ने मानसिकतामा रहेका देखिन्छन् । वर्तमान नेपाली राजनीतिमा अहिले यही विषयले विडम्बना निमत्याएको छ ।

राज्य सञ्चालनका लागि संविधान र संविधान अनुरुप निर्माण भएका कानूनहरु छन् भने दल सञ्चालनका लागि विधान छन । नेपालका हरेक

पार्टीहरूको आ-आफ्नै विधान छ । हरेक दलका सदस्यहरु तोकिएको विधानको पालना गर्न बाध्य छन् । कार्यकर्ता तहमा विधानको पालनाको विषयलाई कठोरतापूर्वक प्रयोग गरिन्छ । तर, नेताहरु त्यसअनुरूप चल्दैनन् । उनीहरुमा अराजक प्रवृत्ति छ । आफू अनुकूल विधानको व्याख्या गर्ने र त्यसको कार्यान्वयन गर्न खोज्ने छाडा प्रवृत्ति नेताहरुमा देखिन्छ । जसका कारण नेपालका हरेक दलहरु भित्र विवादका श्रृंखला एकपछि अर्को रुपमा देखिइ रहेका छन् । नेताहरुलाई सबै कुरा म मात्र हुँ भन्ने लाग्न थालेको छ । नेताहरुमा पलाएको यो मानसिकताले उनीहरुप्रतिको विश्वास घटिरहेको आभाष उनीहरुमा देखिँदैन ।

नेपाली राजनीतिमा वीपी कोइराला कसैले नबिर्सने पात्रका रुपमा रहनुभएको छ । एकपटक वीपी कोइरालाले राजा महेन्द्रलाई भनेका थिए- 'महाराज, देश नरहे पनि विराटनगर त रहन्छ, म किसानी गरौंला तर मौसुफ कहाँ सवारी हुन्छ ?' । अहिले हाम्रा नेताहरू पनि महाराज जस्तै भइसक्नु भए जस्तो छ । ठूला तथा साना नेताहरुको यो कार्यशैलीले कार्यकर्ता तहमा जुन प्रकारको वितृष्णा उत्पन्न हुँदैछ त्यो ती नेताहरु कै लागि प्रत्युत्तपादक हुँदैछ । कार्यकर्ता त कुनै पनि स्थानमा रहला त्यसले उसलाई खासै फरक नपर्ला, तर कार्यकर्ताविहीन नेताहरुको अवस्था के होला ?

हामी सबैलाई थाहा छ, लोकतन्त्रको आधार दल हो । लोकतन्त्रको सबैभन्दा महत्वपूर्ण कुरा छान्न र रोज्न पाउने अधिकार हो । आफूलाई लागेको कुरा गर्न पाउने, संगठन गर्न पाउने, संघ-संस्था खोल्न पाउने, स्वतन्त्रतापूर्वक सम्मानित रुपमा जीवन जिउन पाउने अधिकार हो । तर, दलहरूलाई के लागेको छ भने जतिसुकै हल्ला गरे पनि हाम्रो विकल्प छैन । भोलि चुनाव हुँदा हामी नै छानिने हौं । जतिसुकै रिसाए पनि भोट दिने हामीलाई नै हो । त्यही भएर नेताहरूमा दम्भ पलाएको छ । उनीहरु अराजक बनेका छन । जनतालाई त के आफ्ना कार्यकर्तालाई समेत उनीहरु टेर्दैनन् । यही अराजकता र दम्भले दल र देश दुबैमा समस्या आइरहेको छ ।

हामीबीचमा एउटा समस्या छ । सबै नेता ठीक छैनन् भन्ने हो भने नेता बिनाको दलको कल्पना गर्न सकिँदैन । सबै दल ठीक छैनन् भन्ने हो भने दलबिना लोकतन्त्र हुँदैन । त्यही भएर अन्ततः हामी कतै न कतै सम्झौता गर्दछौं । हामीले गरेको यस्तो सम्झौतालाई दलहरु नागरिकको कमजोरीका रुपमा ठान्न थालेको देखिन्छ । त्यही भएर दलहरुको जनतासँगको संवाद कमजोर छ । त्यो किन भने नेताहरुका आ-आफ्ना कार्यकर्ता छन् । कार्यकर्ता भएपछि ईसारामा दगुर्ने हो । नेताले जे भने पनि टाउको हल्लाउने, मुट्ठी उचाल्ने र सडकमा दौडने हो । उनीहरु नेताप्रति यति बफादार हुन्छन कि आफूले रुचाएको नेता बाहेक अरु केही देख्दैनन् र देख्न पनि चाहँदैनन् । राजनीतिक रूपमा सक्रिय हुनेहरु कार्यकर्ता बनेका छन् । कार्यकर्ता हुने बित्तिकै गुट-उपगुटमा गएका छन् । दलहरु भित्रको यही गुट र उपगुट नेपालको राजनीतिमा अहिले हावी भइरहेको छ ।

नेपाली राजनीतिमा अहिले दुईवटा शब्दीय संस्कार हावी भएका छन् । पहिलो- अविश्वासनियताको संस्कार र दोश्रो हो- षडयन्त्र मात्र देख्ने संस्कार । यी दुईवटा संस्कारलाई पछ्याएको नेपालको राजनीति र नेपाली नेताहरुको मानसिक प्रवृत्तिले राजनीतिलाई दुर्गन्धित बनाउन थालेको छ । एक दलको नेताले अर्को दलको नेता माथिको विश्वासको त कुरै छैन, आफ्नै दलका नेता साथीहरु माथिको विश्वास पनि कतै देखिँदैन । हरेक नेताका गतिविधिहरुमा हरेक नेताले आफूविरुद्धको षडयन्त्र मात्र देख्ने गरेका छन् । अविश्वास प्रकट गर्ने गरेका छन् । वर्तमानमा चरम विवादमा रहेको नेकपामा होस् या नेपाली कांग्रेसका नेताहरुमा मात्र होइन जसपा र राप्रपादेखि साना दलहरुमा पनि यही प्रवृत्ति देखिन्छ । हरेक कुराको व्याख्या गर्दा षड्यन्त्रको आँखाले मात्र हेर्नुको अर्थ भनेको आफ्नो निर्णय आफैं लिनसक्ने, आफैं सोच्न सक्ने क्षमता गुमाउनु हो । अहिले नेपाली नेताहरु त्यस्तै देखिन थालेका छन् ।

नागरिक समाजलाई थाहा छ, नेता कमजोर हुनु भनेको राजनीतिक दल कमजोर हुनु हो । राजनीतिक दल कमजोर हुनु भनेको लोकतन्त्र कमजोर हुनु हो । लोकतन्त्र कमजोर हुनु भनेको अराजकता वा निरंकुशतालाई प्रवेश पाउनु हो । लामो समयदेखि लोकतन्त्रको लागि संघर्षरत् नागरिक समाज यो देशलाई अराजकता र निरंकुशताको अँध्यारो सुरुङ्गमा धकेलिएको देख्न चाहँदैन । त्यसैले पनि नेपालका राजनीतिक दलहरु माथि नागरिक समाजको खबरदारी यो देशका लागि जरुरी छ ।

शहीद जस्तै शहीद कति छन् हामी कहाँ ?

गणेश निरौला

'शहीद' शब्दलाई अचेल राजनीतिक कार्यकर्ता, विद्रोही संगठन, धार्मिक अगुवा वा पहिचानवादी अभियन्ताले आ-आफ्नै उद्देश्य र स्वार्थ अनुरुप अर्थ्याउन थालेका छन् । शब्दकोशमा भने- 'आफ्नो देश, संस्कृति र अस्तित्वको संरक्षण तथा स्वतन्त्रता प्राप्तिका निम्ति बलिदान भएर लोकहितमा लाग्ने अमर व्यक्तित्व' भन्ने अर्थ दिइएको छ । पञ्चायतकालभरि राणा शासनविरुद्ध ज्यान दिनेलाई शहीद भनियो ।

२०४६ पछि पञ्चायतकालमा प्रजातन्त्रका लागि मर्ने/मारिनेहरु शहीदको पहिलो पंक्तिमा आइपुगे । अरु त अरु २०३६ पछाडि तत्कालीन प्रम.सूर्यबहादुर थापाको इशारामा मारिएका भनिएका धनकुटा, छिन्ताङका १६ जनालाई उनकै छोरा सुनिलबहादुर थापा मन्त्री हुँदा उनका प्रस्तावमा २०७४ मा शहीद घोषणा गरियो । यसमा मारिएका नागरिकको बलिदानप्रति सम्मान भाव कति छ, दलगत राजनीतिक स्वार्थ कति छ, लेखाजोखा गर्ने आवश्यकता कसैले ठानेन् ।

२०७३ मा तत्कालीन एमालेको मेची महाकाली अभियानताका मधेसवादीसँग झडप भयो । पाँच प्रदर्शनकारी मारिए । तिनलाई शहीद भनियो र परिवारलाई दश-दश लाख रुपैयाँ प्रदान गरियो । त्यो मृत्यु अस्वस्थ दलीय स्वार्थी झडपका कारणले भएको थियो कि सार्वजनिक र राष्ट्रिय सवालमा भएको थियो, कसैले छलफलसम्म गरेन । बरु पछिल्ला वर्षमा 'मधेस आन्दोलनमा मर्न आऊ, पचास लाख दिन्छौं ।' भनेको सुन्नमा आयो । माओवादीको सशस्त्र विद्रोहताका राज्यपक्षले आतंककारी भनेर घोषणा गरिएका विद्रोहीहरुलाई माओवादीकै सत्तानेतृत्व कालमा शहीद घोषणा गरियो । त्यसपछि मात्र विद्रोहीद्वारा मारिएका सेना, प्रहरी र गुप्तचर शहीदका कोटीमा दरिए । मार्ने पक्ष र मर्ने पक्ष दुबै शहीद ! अनि दोस्रो जनआन्दोलन, मधेस आन्दोलन, थरुहट आन्दोलनका मृतकहरु शहीद घोषणा गरिए । हुँदा-हुँदा २०७४/०७५ तिर आपराधिक समूहले मारिएका रुपन्देहीका दुर्गा तिवारी, बसन्त पौडेल र सुनसरीका मौलाना खुर्सिद अन्सारीसम्म शहीद भनिए ।

पछिल्ला शहीद अन्सारीबाट शुरु भएको यो लम्बेतान सूची राणाकालका चार अमर शहीदसम्म तानिन्छ र प्रथम शहीद मानेर लखन थापालाई समेटिन्छ । पञ्चायत कालमा शहीद सम्बन्धी अवधारणा प्रष्ट पार्न नवराज सुवेदीको संयोजकत्वमा राजा महेन्द्रका पालामा बनेको आयोगको प्रतिवेदन त कार्यान्वयन भएन-भएन, प्रजातन्त्र पुनर्स्थापनापछि मोदनाथ प्रश्रित आयोगले दिएको प्रतिवेदन समेत थन्क्याइयो । अब प्रश्न उठ्न सक्छ- उल्लिखित शहीदहरु एउटै कोटीमा पर्छन् ? यस प्रश्नको उत्तर खोज्नुअघि राणाकालका चार अमर शहीदको अन्त्यकालको किस्सा सुनौं-

किस्सा- १

शुक्रराज शास्त्री प्रजापरिषदसँग पूर्णतः असम्बद्ध व्यक्ति थिए । धार्मिक प्रवचनद्वारा जागरण फैलाउने काममा प्रवृत्त शास्त्रीका पिता/पितामह आर्यसमाजी थिए । अतः राणा दरबारका चाकरीबाज हिन्दू पण्डित यिनलाई दुश्मन ठान्थे । पर्चाकाण्डपछि पक्राउ परेका प्रजापरिषद्का नेता कार्यकर्तासँगै यिनलाई फाँसीको सजाय सुनाइयो । माघ १०, १९९७ राति यिनलाई फाँसीमा चढाउनुअघि अन्तिम इच्छा सोधियो । कर्नेल नर शमशेरको टोलीले 'नुहाएर गीता पुस्तकलाई ढोगी आफ्नै हातले पासो लाग्ने' उनको इच्छा पूरा गर्ने व्यवस्था मिलायो ।

हातले पासो छुनै लाग्दा २५/३० मानिसको हुल पेट्रोमेक्स बालेर हल्ला गर्दै त्यतै आएको देखियो । विद्रोही आक्रमण गर्न आएछन् भनी कर्नेलसहित सबैको भागोरेभाग भएछ, तर ती विद्रोही रहेनछन् । भोज खाएर फर्केका स्थानीय पो रहेछन् । भागेकाहरु पुनः भेला भए । 'शास्त्री' त्यहीं उभिरहेका थिए । उनलाई भाग्ने अवसर थियो । तर, उनी यति निष्ठाबद्ध र नैतिक थिए कि आफ्नो ज्यानको मूल्यमा पनि इमान छोड्न रुचाएनन् । फाँसीमा आफूलाई हाँसी-हाँसी प्रस्तुत गरे । यिनको तुलना आजका कुन-कुन शहीदसँग गर्न सकिन्छ ?

किस्सा-२

माघ १३ मा झुण्ड्याएर मार्न ठिक पारिएका धर्मभक्त माथेमा बडिबिल्डर थिए । राजा त्रिभुवनका व्यायाम शिक्षक रहेका माथेमालाई झुण्ड्याउन डोरी बाँधिएको हाँगो लच्किएर खुट्टाले भुइँ छोएपछि डोरी फुकाएर अर्को हाँगामा बाँधियो । त्यो हाँगो पनि भाँच्चिएर माथेमा भुइँमा लडे । घाँटीमा बाँधिएको डोरी यसरी कस्सिएछ कि त्यो निकाल्न पनि सकिएन, अर्को डोरी त्यसैमाथि बाँध्न पनि मिलेन । अनि कर्नेल नर शमशेर आफैले छुरीले डोरी काट्ता माथेमाको गालादेखि चिउँडोसम्म चिरेछन् । माथेमाले त्यस विषम् र प्रतिकूल अवस्थामै पनि जमाएर लात्तीले नर शमशेरलाई ठोकेछन् । शमशेर पाँच हात पर उछिट्टिए । रिसले आगो बनेका कर्नेलले सिपाहीलाई माथेमामाथि लाठी बजार्ने आदेश दिएछन् । अनि १२/१५ सिपाहीको कुटाइले मुर्छा परेका माथेमालाई झुण्ड्याएछन् । माथेमासँग अहिलेका कुन-कुन शहीदसँग दाँज्न सकिएला ?

किस्सा-३

माघ १५, १९९७ मा शोभा भगवतीमा गोली ठोकेर मार्ने प्रयोजनका लागि झन्डै ४० वर्षका दशरथ चन्द र २२ वर्षका गंगालाल श्रेष्ठलाई आधारातितर लगियो । दुई जना पोडेलाई रक्सीले मताएर गोली हान्न तम्तयार पारिएको थियो । तर, चन्द र श्रेष्ठका बीच एउटा बहस छेडियो कर्नेल नर शमशेरको टोलीलाई आश्चर्यमा

डुबाउँदै । चन्द भन्ने- पहिला गंगालाललाई गोली ठोक अनि मात्र मलाई मार । गंगालाल भन्ने- होइन ! पहिला चन्दलाई मार । अनि मलाई मारौला । यो अर्कालाई चाहिँ पहिला मार्ने कुरा आफू मर्न डराएकाले वा पछिबाट कुनै उपायले बाँच्ने अवसर छोपूँला भनेर होइन रहेछ । खासमा राणाहरुले यिनलाई माफी मागे सजाय कटौती गर्ने बचन दिएका रहेछन् । चन्दलाई लागेछ- आफूलाई गोली हानेर लडेको, पीडाले छटपटाई कराएको, आलो रगत बगेको र अन्त्यमा प्राणपखेरु उडेको विभत्स दृश्य देखेर केही दिनअघि मात्र बाबु बनेका २२ बर्षे बाँको जवान गंगालाल डराउला र माफी माग्ला । सजाय घटाउनतिर लाग्ला । यसो भएमा संगठन र संघर्षको अपमान हुनेछ ।

विद्रोहका कुनै ओजन रहने छैन । चन्द आफू त कस्तै दृश्यले पनि राणाका अगाडि झुक्ने छैनन् त्यसैले पहिला गंगालाललाई ठोक्ने अनि आफूलाई । तर, गंगालालको जिरह थियो- स्वेच्छाचारी, जहाँनियाँ राणाशासनको विरुद्ध संघर्षको मैदानमा ओर्लिएको मलाई त्यस्तो काँतर किन सम्झन्छौ ? म त्यति लाछी छैन । प्रमाणित गरेर देखाउँछु- पहिले चन्दलाई ठोक गोली, अनि मलाई मारौला । कसलाई पहिला मारियो ? कसरी मारियो ? यी जिज्ञासा अहिलेलाई छोड्नुहोला । बरु यस प्रश्नको चाहिँ उत्तर खोज्नुहोला- यी शहीदसँग प्रजातन्त्र प्राप्तिपछि सरकारले घोषणा गरेका कुन-कुन शहीदको तुलना गर्न सकिन्छ ?

बस्ती छेउमै इँटा उद्योग खोल्न लागेपछि स्थानीय आन्दोलित

□ पार्थ मण्डल

भद्रपुर, माघ १५। वातावरण प्रदुषणलाई बेवास्ता गर्दै मानवबस्ती छेउमै झापाका एक उद्योगीले इँटा उद्योग खोल्ने तयारी गरेपछि स्थानीयबासी आन्दोलित बनेका छन् ।

स्थानीयको सहमतिविना दमकका व्यवसायी गुणराज थापाले इँटा उद्योग खोल्ने तयारीमा लागेपछि त्यसको विरोधमा स्थानीयबासी आन्दोलित बनेका हुन् ।

व्यवसायी थापाले झापाको कमल गाउँपालिका-१ स्थित रतनचौनमा गाउँलेको असहमति हुदाँहुदै जबरजस्ती इँटा उद्योग खोल्न लागेकोमा वातावरण मैत्री समाज निर्माणका लागि प्रदुषणयुक्त उद्योगविरुद्ध भन्दै उनीहरूले पत्रकार सम्मेलनको आयोजना गर्दै त्यसको विरोध गरेका हुन् । उनीहरूले कुनै पनि हालतमा इँटा उद्योग खोल्न नदिने र त्यसको प्रतिकारमा रगत बगाउन पनि पछि नहट्ने चेतावनी दिएका छन् ।

व्यवसायी थापाको छोराको नाममा १६ विगहा जमिनमा इँटा उद्योग खोल्ने भनी २०७३ साल कात्तिक ९ गते गाउँपालिकाबाट एउटा पत्र आएको थियो । गाउँलेको हातमा पत्र परेपछि त्यही पत्र लिएर हामीहरू तत्काल गाउँपालिका पुगेको स्थानीय तुलसीराम दंगालले बताए ।

गाउँपालिकाका उपाध्यक्ष बेनु शिवाकोटीले गाउँलेको सहमति बिना इँटा उद्योग खोल्न नपाइने आश्वासन दिएपछि हामी ढुक्क भएर फर्किएको उनले बताए । त्यसपछि इँटा उद्योगविरुद्ध तीन सय २० जना गाउँलेको हस्ताक्षर गराएर गाउँपालिकामा निवेदन दर्ता गराएको बताउँदै उनले भने- 'गाउँपालिकाको सिफारिस पत्रसहित घरेलु तथा साना उद्योग कार्यालय भद्रपुर पुगेर त्यस विषयमा जानकारी गराएको थियौं ।' तर, उद्योगी थापाले केही कुण्डले मुण्डलेको आडमा गाउँबासीलाई धम्काउने, तर्साउने र फकाउने कर्तुतमा लागेर उद्योग खोल्ने तयारीमा लागेको गाउँले थाहा पाएपछि हामी त्यसको प्रतिकारमा उत्रिएका हौं' -उनले भने ।

गाउँलेको सहमति बिना गाउँमा इँटा उद्योग खोल्ने प्रयास गरिएमा रगत बगाउन पनि पछि नहट्ने उनले चेतावनी समेत दिए । इँटा उद्योगको वायु प्रदुषणले वातावरण ठुलो असर पर्ने भएकोले त्यसको विरोधमा उत्रिएको स्थानीय रविन ढुंगानाले बताए ।

'वायु मण्डलमा पिएम नाम कणको मात्रा ४० हुनुपर्नेमा इँटा उद्योगबाट निस्किने प्रदुषणको मात्रा त्यसलाई बढाएर पाँच सय बनाउने काम गर्छ' -उनले भने- 'जुन वातावरणको लागि खतरनाक वायु हो, त्यसैले हामी इँटा उद्योग खोल्न दिने पक्षमा छैनौं । वातावरणमैत्री उद्योग वा पार्क खोल्न आएमा त्यसको हामी स्वागत गर्छौं' -उनले भने ।

व्यवसायी थापाले स्थानीयको विरोधका वावजुत प्रदुषण फैलाउने र मानव बस्तीलाई विस्थापित गराउने उद्देश्यले उद्योग खोल्ने तयारीको वर्षौंदेखि नै विरोध गर्दै आएको स्थानीय सन्तोष कटुवाल बताउँछन् । उद्योगीले पहिले कुरा मात्र गर्ने गरेको तर यस पटक उद्योगका लागि संरचना निर्माणका लागि सरसामान नै झार्न थालेपछि स्थानीयहरू सङ्गठित बन्दै आन्दोलनमा उत्रिएको उनको भनाई छ । 'अब हामी वारपारको अवस्थामा पुगेका छौं ।' -उनले भने ।

त्यस्तै स्थानीय सविता कटुवालले उद्योगी दादागिरी शैलीमा इँटा उद्योग खोल्न लागेकोले त्यसको प्रतिकारमा उत्रिएको बताइन् । टोल विकास संस्था, नागरिक समाज, गाउँबासीको सहमति विना कुन कानुनले इँटा उद्योग खोल्ने अनुमति दिएको प्रश्न गर्दै उनले भनिन्- 'पैसा र शक्तिको आडमा कानूनलाई लत्याएर जे पनि गर्न पाइन्छ ?'

यता कमल गाउँपालिका-१ नम्बर वडा अध्यक्ष केदार कुटवालले गाउँमा इँटा उद्योग खोल्ने विषयमा वडा कार्यालय र गाउँपालिकामा आधिकारिक रुपमा केही सूचना र पत्र नआएको बताए । उद्योगीले कहाँबाट अनुमति ल्याएर उद्योग खोल्ने तयारीमा लागेको आफू पनि आश्चर्यमा परेको उनको भनाई छ । उद्योग खोल्ने विषयमा वडा कार्यालयबाटै सरजमिन हुनुपर्ने बताउँदै उनले भने- 'यस विषयमा आफूलाई पनि थाहा छैन ।'

उद्योगी थापाले पैसा र आफ्नो निकटका सम्बन्ध भएका मानिसहरूलाई प्रलोभनमा पारेर मानव स्वास्थ्य र स्थानीयलाई विस्थापित गराउने खेलमा लागेको भन्दै स्थानीयले विरोध जनाएका हुन् ।

बुधबारे जेसीजको भवन निर्माणका लागि रकम संकलन

बुधबारे, माघ १५। बुधबारे जेसीजका अध्यक्ष अनिल वाग्लेले बुधबारे जेसीजको भवन निर्माणका लागि रकम संकलनको कार्य थालनी भएको बताएका छन् ।

रकम संकलनको कार्य शुभारम्भ गरेको दिन नै २२ हजार र २० बोरा सिमेन्ट जेसीजलाई प्राप्त भएको छ । बुधबारे जेसीजका सदस्य राम घिमिरे र उपाध्यक्ष रुद्र निरौलाबाट समान ११ हजार एक सय ११ रुपैयाँ प्राप्त भएको छ । भने बुद्धशान्ति प्याब्सनका सचिव बुद्धिकान्त अधिकारीले २० बोरा सिमेन्ट दिने घोषणा गरेका छन् ।

लोम अफिसर्स एण्ड जेसीआई कर्पोरेट गाइडलाइन तालिमको अवसरमा भवन निर्माणका लागि सहयोग गर्ने तीनै जनालाई नेपाल जेसीजका राष्ट्रिय अध्यक्ष जेसीआई सिनेटर अरुणेश्वर खनाल, कानूनी सल्लाहकार गोकुल सापकोटा, राष्ट्रिय उपाध्यक्ष प्रमिशा काफ्लेले खादा ओडाएर सम्मान गरेका हुन् ।

यसैबीच बुधबारे जेसीजको बुधबार नै सम्पन्न पहिलो बोर्ड बैठकले निर्वतमान अध्यक्ष नन्दकुमार याम्फू राईलाई भवन निर्माण समिति संयोजक र भवन निर्माण आर्थिक संयोजकमा दिपेन सिटौलालाई जिम्मेवारी प्रदान गरेको छ । भवन निर्माण समिति र अन्य समितिलाई चाँडै पूर्णता दिने बताउँदै बाँकी समितिलाई पूर्णता दिन पूर्व अध्यक्षहरुसँग परामर्श गरिने अध्यक्ष वाग्लेले बताए । उक्त कार्यक्रमको सञ्चालन महासचिव सुजित बरालले गरेका थिए ।

सूचना ! सूचना !! सूचना !!!

झापाको बिर्तामोडबाट सुरुङ्गा जाने क्रममा मेरो निम्न व्यहोराको स्नातक तहको माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा तपसिलको सम्पर्क नं. मा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

तपसिल

१.नाम : अरविन सिंह (Arabin Singh)
२.ठेगाना : बिर्तामोड-५, झापा
३.रजिष्ट्रेशन नं. : ७-२-२२५-७०२-२००७
४ सर्टिफिकेटको किसिम : स्नातक तह(Bachelors Level)को माइग्रेसन सर्टिफिकेट

सम्पर्क नं. : ९८५२६८८१४०

साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेप्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।

सम्पर्क: ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्रवो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगन्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

चट् फोट झट् सेवा

सम्पर्क: ०२३-५५०६२०, ९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४

फल्याट तथा घर भाडामा

बिर्तामोडस्थित पश्चिम बस स्टेण्ड उत्तर हाइवेले छोएको युनाइटेड फाइनान्स बसेको घरको दोस्रो तला बैंक, सहकारी फाइनान्सको लागि उपयुक्त फल्याट भाडामा छ । साथै त्यही घरको पछाडि रहेको २ तले घर समेत भाडामा छ ।

सम्पर्क : ९८५२६४१७४०, ९८४४६९८३४०

घर बिक्रीमा

अर्जुनधारा-६ महानन्द चोक नेपाली कांग्रेस पार्टी कार्यालय पूर्व ९½ धुर जग्गामा ३ तला संरचना, पूर्व मोहडा, पार्किङ सुविधा, भूइँतला टाली, मार्बल भएको घर तु-बिक्रीमा छ ।

सम्पर्क: ९८०७९६५३०९

पसल बिक्रीमा

झापा बुद्धशान्ति गाउँपालिका-३ बुधबारे चौक (बैंक अफ काठमाडौंको तल्लो तला)मा चालू अवस्थामा रहेको 'ल्याभिस इम्पोरियम फेसन वेयर' बिक्रीमा रहेकाले इच्छुकले तुरुन्त सम्पर्क गर्नुहोला ।

सम्पर्क: ९८४२७७३६२०, ९८४२६५५४१३

कर्मचारी आवश्यकता

यस सम्पन्न बचत तथा ऋण सहकारी संस्था लि. का लागि निम्न अनुसारको कर्मचारी आवश्यक परेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।

१) पद: बजार प्रतिनिधि, संख्या: १० जना
स्थान: माईधार, सुरुङ्गा, दुर्गापुर, लक्ष्मीपुर, चारपाने, बिर्तामोड, बैसाबाडी, अर्जुनधारा, चैतुबारी, बुट्टाबारी, बिर्ताबजार, सैनिकमोड, गरामनी
तलब+सेवासुविधा: आपसी समझदारीमा
योग्यता: SLC, +२
२) पद: लेखापाल संख्या: २ जना
स्थान: बिर्तामोड/सुरुङ्गा
तलब: आपसी समझदारीमा
३) पद: व्यवस्थापक संख्या: १ जना
तलब: आपसी समझदारीमा

सम्पन्न बचत तथा ऋण सहकारी संस्था
फोन: ०२३-५४५९८३, ०२३५५०६७६

श्री मालपोत कार्यालय,भद्रपुरबाट जारी गरिएको हक दाबी गर्न आउने सम्बन्धी ३५ दिने सूचना

यस जिल्ला झापा कनकाई-४ बस्ने वासुदेव श्रेष्ठले मेरो बुवा ताराकुमार श्रेष्ठको मृत्यु भएको, निजको एकमात्र पत्नी मेरो आमा लीलादेवी श्रेष्ठले मिति २०६३ सालमै गाउँकै व्यक्ति उमेश परियारसँग दोस्रो विवाह गरी गएको, निजहरुबाट जायजन्म भएका १ छोरा र २ छोरीमध्ये छोरीहरुको विवाह भइसकेको हुँदा मेरो बुवा ताराकुमार श्रेष्ठको नाममा दर्ता कायम सुरुङ्गा-४ को कि. नं. ७२६, ७२५ र ३०५१ जग्गा सबैभन्दा नजिकको हकदार म छोरा वासुदेव श्रेष्ठको नाममा एकलौटी नामसारी गरी पाउँ भनी कनकाई-४ को च.नं. ५५३ मिति २०७७/०५/२२ को सिफारिस सहित यस कार्यालयमा द.नं. १३१५५ मिति २०७७/०५/२५ मा निवेदन पेश गरेको हुँदा तपाई लीलादेवी श्रेष्ठले दोस्रो विवाह गरेको होइन भने साथै मृतक ताराकुमार श्रेष्ठको शेषपछिका हकदारमा निवेदक वासुदेव श्रेष्ठ बाहेक अरु कोही भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण हकदावीको निवेदन पेश गर्नु होला अन्यथा कानून बमोजिम भई जाने व्यहोरा यसै सूचनाबाट जानकारी गराइन्छ ।

ईति सम्वत २०७७ साल माघ ०७ गते रोज ०४ शुभ ।

हाडजोर्नी तथा नसाका समस्याहरुको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

जाँच तथा उपचार हुने समस्याहरु

- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेडसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।

ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५

दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

गमला चाहिएमा

घर कम्पाउण्डमा फूल रोप्न, बगैंचा सजाउन साथै सागसब्जी कौशीखेतीका लागि अति उपयोगी कंक्रिटका शानदार गमला सुपथ मूल्यमा चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस् । धेरै संख्यामा लिनेलाई डेलिभरीको पनि व्यवस्था छ ।

सम्पर्क: भूपाल कार्की
९८०१४०४०००
९८१६६४१५७३
अर्जुनधारा-५, विहीवारे बजार लक्ष्मीपुर

DUBAI / QATAR मा महिला/पुरुषहरुलाई रोजगारको अवसर

1. GRAND SHOPPING MALL , UAE

पूर्व स्वीकृती मिति: २०७६/११/२७ LT. No. 206861 चलानी नं.: ८०१२७९२२ पूजा स्वीकृती मिति: २०७७/१०/०८ चलानी नं.: १२८

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने.रु	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधी
१.	Sales	15	15	कक्षा १२	1400	८८,३५३।-	क.नि अनुसार	८	६	क.नि अनुसार	छ		२ वर्ष

2. GRAND Mall WLL, Qatar

पूर्व स्वीकृती मिति: २०७८/०२/१३ LT. No. 220762 चलानी नं.: ८०१४०४८९ पूजा स्वीकृती मिति: २०७७/१०/०७

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब QR	मासिक तलब ने.रु	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधी
१.	Sales Man	5	10	कक्षा १२	1300	४१,५५२।-	क.नि अनुसार	८ घण्टा	६ दिन	क.नि अनुसार	छ		२ वर्ष
२.	Cashier (Female)	0	5		1300	४१,५५२।-							
३.	Fish Sales Man	0	5		1300	४१,५५२।-							

3. Youffy Health and Nursing Care Center , Qatar

पूर्व स्वीकृती मिति: २०७८/०२/०२ LT. No. 220496 चलानी नं.: ८०१४०१०३ पूजा स्वीकृती मिति: २०७७/१०/०७

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने.रु	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधी
१.	Nurse	0	8	कक्षा १२	4200	१,३८,२४४।-	क.नि अनुसार	८	६	क.नि अनुसार	छ		२ वर्ष

स्वदेशमा गरिने दि सैद्धिकल खर्च कामदार लाई र फ्री लाने	विदेशमा गरिने सैद्धिकल खर्च कामदार व्यहोर्ने	स्वदेशमा गरिने बिमा खर्च कामदार व्यहोर्ने र फ्रीमर कामदार व्यहोर्ने	रोजगारदाता बीचमा हुने : बाहेक र फ्रीमर कामदार व्यहोर्ने	हवाई टिकट कामदार लाई र फ्री लाने	भिषा शुल्क कामदार व्यहोर्ने	भिषा नवीकरण शुल्क कामदार व्यहोर्ने	अध्यागमन शुल्क कामदार व्यहोर्ने	कामदारको बीमा शुल्क कामदार व्यहोर्ने	सेवा शुल्क फ्री लाने र कामदार व्यहोर्ने	कुल लाग्ने खर्च
कामदार आफैले	कम्पनीले	कामदार आफैले	हुने रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले दिने	रोजगारदाता कम्पनीले दिने	कामदार आफैले	९,२०,०००/- कामदार आफैले	९,२०,०००/- कामदार आफैले	रु.१,४१,६१५/- रु.१,६१,६१५/-	रु.१,४१,६१५/- रु.१,६१,६१५/- नेपाल

फाइनल अन्तरवार्ता यही माघ २० गते सेन्टरपोइन्ट पार्टी प्यालेस बिर्तामोडमा हुनेछ ।

वैदेशिक रोजगार विभागबाट नवराईएको जानकारी: १) आफ्नो नाममा जिसा प्राप्त भई जाने विभिन्न भएपछि बाट कम्तीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफ्नु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक निर्योपको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफ्नु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (मुकना)मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अनिवार्य विमृतीकरण वा इपडेसन्स लगिस अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफ्नु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य सर्तका रे रामरी पढेर मात्र सम्बन्धितमा हस्ताक्षर गर्नुहोला । सोकी १ (एक) प्रति आफ्नसँग राख्नुहोला । ६) कामका विदेश जाँदा नेपालकै एयरपोर्ट पर्याप्त गर्नुहोला अन्यथा ठुगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे श्रम तथा रोजगार पवर्द्धन विभाग, वानेश्वरमा सम्पर्क राख्नुहोला ।

प्यासिफिक ह्युमन रिसोर्सेज प्रा. लि.
पो.ब.नं.: २३०९३, गौंगबु आवसिय क्षेत्र, काठमाडौं
फोन सम्पर्क: ९८१४९९१००८, ९८०७९८१९९३, ९८४५१७११७७
E-mail: phrmarketingCVs@gmail.com, Website: www.pacifichumanresource.com

श्रम स्वीकृत नं. ८६६/०६२/०६३

ज्यो. मधुसूदन रिजाल
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -
परिवेश सामान्य रहे पनि मनको डरले भने सताउनेछ । परिस्थितिवश सामान्य काममा बढी अलमल हुनेछ ।

बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -
आफ्ना कमजोरी बाहिरिने समय भएकाले गोपनीयतामा ध्यान पुऱ्याउनुहोला । अरूको मुख नताकी कर्मयोगमा लाग्दा फाइदा उठाउन सकिनेछ ।

मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -
साँझतिर अध्ययनमा बाधा र काममा ढिलासुस्ती हुनाले पछि परिनेछ । साथीभाइको लहैलहैमा लाग्दा दुःख पाइएला ।

कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -
प्रयत्न गर्दा राम्रै अवसर जुट्नेछ । साथीभाइले राम्रै सहयोग जुटाउनेछन् । भौतिक साधन जुट्नाले दिगो योजना प्रारम्भ होला ।

सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -
व्यापारमा लाभ हुनेछ । सेवामूलक कामबाट प्रतिष्ठा पाइनेछ । प्रतिस्पर्धीहरूले हार खानेछन् भने काममा मेहनतको फल प्राप्त हुनेछ ।

कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -
साँझतिर निर्णायक मोडमा दुविधा उत्पन्न हुनेछ । तापनि साथीभाइको सहयोगले काम सम्पादन हुनेछ ।

तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -
मेहनतले सम्मानित स्थान दिलाउनेछ । मान-सम्मान प्राप्त हुनेछ । सम्पादित कामबाट धन लाभ हुनेछ ।

बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -
आम्दानीका स्रोत बढ्नुका साथै दिगो फाइदा हुने काममा सम्झौता गर्ने समय छ । अध्ययनमा प्रगति हुनेछ ।

धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -
बोलीको प्रभाव बढ्नेछ भने अभिव्यक्ति कलालाई निखार्ने अवसर प्राप्त हुनेछ । साँझतिर अवसर प्राप्त भए पनि अरूको भरपर्दा काम रोकिन सक्छ ।

मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -
नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन् । रचनात्मक काम बन्नुका साथै मनग्गे धन आर्जन हुनेछ ।

कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -
पहिलेको सफलताले थप हौसला जगाउनेछ । बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ । रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ ।

मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -
बिगतका कमीकमजोरीलाई सुधार गर्ने मौका छ । प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ ।

पाथीभरा सिने प्लाजा बिर्तामोड अब खुल्ला

नेपाली कथानक चलचित्र (शिव श्रेष्ठको)
एउटा यस्तो प्रेम कहानी
माघ १ गतेबाट प्रदर्शनमा

हिन्दी चलचित्र
विजय दि मास्टर

पहिलो शो ११:४५ ।
दोस्रो शो २:४५ ।
तेस्रो शो ६:३०

बुकिङ्ग गरेको टिकट एक घण्टापछि स्वतः क्यान्सिल हुनेछ । **(फोन नं. ०२३-५४६४३६)**